# आजको शिक्षा सन्दर्भ

–डा. रामकृष्ण तिमल्सेना

ज्ञानको आधार शिक्षा हो । यसको बृहत् अर्थ छ । यो जीवन दर्शनसँग सम्बन्धित छ । यसलाई विभिन्न कोणवाट नियाल्न सकिन्छ, नियाल्नुपर्दछ । यो ३६० डिग्रीको ब्रह्माण्ड हो । यसमा ब्रह्माण्डको ज्ञान छ, सत्य र असत्य केलाउन सक्ने क्षमता छ । यो ठीक र बेठिक छुट्याउन सक्ने क्षमताको आधारस्तम्भ हो । ब्रह्मज्ञानले भ्रमबाट मुक्ति दिलाउँछ ।

सूक्ष्मातिसूक्ष्म कुराको अन्वेषण, विश्लेषण र विभिन्न विधाको सश्लेषण शिक्षाबाट मात्र सम्भव छ । असल मानव, नैतिक मानव र पौरखीमानव शिक्षाद्वारा नै विभूषित मानव हो । मान्छेमा रहेको मानव तत्त्वले नै दानव तत्त्वलाई पराजित गर्ने हो; त्यो मानविय आदर्श र मूल्य शिक्षाबिना सम्भव छैन ।

धर्म, अर्थ, काम र मोक्ष शिक्षाका अर्का रूप हुन् । अरूप्रतिको कर्तव्य र पञ्च ज्ञानेन्द्रियको समय सापेक्ष बोध धर्मको स्वरूप हो । पुरुषार्थबाट नैतिक तरिकाबाट अर्थोपार्जन गरी समय र संस्कृति सापेक्ष भोग गर्न सिकाउनु शिक्षाको अर्को अध्याय हो । भोगपश्चात् बाँकी रहने शक्तिको सदुपयोग असल कार्यमा खर्च गर्ने असल पात्रलाई दान दिने पनि यही अध्यायको अर्को खण्ड हो । 'काम' पनि शिक्षाको नै पाटो हो । कामवासनासहित र कामवासनारहित दुवै कामको लक्ष्मणरेखा शिक्षाले कोर्दछ । सृष्टिको निरन्तरता र समाज समय र उमेरसापेक्ष सांस्कृति मान्यता अनुकुल 'काम' शक्तिको प्रयोग गर्नुपर्दछ । 'काम' आफूप्रतिको कर्तव्य पनि हो । 'काम' आफ्नाप्रतिको न्याय पनि हो । काम आफैंमा एउटा जागरण हो, यो पुनर्जन्म र क्रियाशीलताको जननी पनि हो । यसप्रति नकारात्मक हुन जरूरी छैन । यो पुरूषार्थको एक पक्ष हो । यो दैविक र जैविक दुवै हो ।

यी सबै कार्य अर्थात् धर्म, अर्थ र कामको सदुपयोग गरी वा लिप्सा दुवैको बन्धनबाट छुटकारा पाउनु नै मोक्ष हो । मोक्ष भनेको कर्कलाको पानी र कर्कलाको सम्बन्ध जस्तै हो । पानी कर्कलाको पातमा रहे पनि कर्कलो भिज्दैन, त्यस्तै ज्ञानी संसारमा नै रहे बसे पनि त्यसको रूझानबाट मुक्त हुन्छ भने त्यो नै मोक्ष हो ।

वर्तमान शिक्षाले यी माथि वर्णित कार्य र त्यसको तरिकामा अपेक्षित भूमिका खेल्न सकेको छ वा छैन ? त्यसबाट शिक्षा दिशाहीन छ वा छैनको निर्णय दिन सकिन्छ ।

अहिलेको शिक्षा व्यक्ति व्यक्तिको क्षमता र राष्ट्रको आवश्यकताबीचको समन्वयमा चलेको देखिएको छैन । यो आवश्यकतामा आधारित (Need Based) पनि देखिएको छैन, बरू लोभमा आधारित (Greed Based) देखिएको छ ।

शिक्षामा नैतिकतालाई घटाइयो भने यो मानवीय संवेदनाहीन हुन पुग्दछ । शिक्षामा अर्थशास्त्र घटाइयो भने जीवनोपयोगी बन्दैन । शिक्षामा राष्ट्र र राज्य र नागरिकको सम्बन्धलाई विचार गरिएन भने आदर्श राज्य बन्न सक्दैन । शिक्षालाई समय सापेक्ष बनाइएन भने कोरा ज्ञानमा सीमित रहन सक्छ । समय, संस्कृति र आवश्यकताको सम्बन्धका आधारमा शिक्षा पद्धतिको निर्धारण हुन्छ । यसले वैयक्तिक ज्ञानको उचाइलाई चरित्र निर्माणको आधार बिन्दुबाट मापन गर्न सकोस् । राष्ट्र, राष्ट्रियता र वैयक्तिक क्षमताको विकासको त्रिकोणात्मक सम्बन्धलाई विचार गरी समय र पात्र अनुकूल शिक्षा प्रदान गर्ने वातावरण सिर्जना गर्नु आजको मुख्य कार्य हो ।

असल कार्य ठीक समयमा गरिएको उचित प्रक्रियासहितको कार्य हो । बेठिक समयमा गलत तरिकाबाट गरियो भने असल कार्यको पनि अर्थ रहँदैन । त्यसैले शिक्षा प्रदान गर्ने संस्थागत संयन्त्र, शिक्षा प्रदान गर्ने गुरूवर्ग र शिक्षार्थीहरू तीनै तत्त्वको समिश्रणमा शुद्धता एवम् परिष्कृतता आवश्यक छ ।

अहिले नेपालको शिक्षा पद्धतिमा हाम्रो मौलिक आवश्यकताको पहिचान भेटिँदैन । अन्धानुकरणबाट प्राप्त शिक्षाले अन्धता निवारण गर्न सक्दैन । यस्तो पद्धतिलाई धृष्तराष्ट्रीय शिक्षा पद्धति मान्न सकिन्छ । हामीलाई सशक्तीकरण, रोजगारी र नैतिकतायुक्त श्रीवृद्धि र मुस्कानमय जीवन दर्शनसहितको शिक्षा चाहिएको छ । इतिहास र परम्परालाई नभुल्ने, सामाजिक मान्यतालाई ध्यान दिन सक्ने, गुरु र वरिष्ठप्रति सम्मान जागरण गराउन सक्ने, पूर्वीय र पाश्चात्य पद्धतिको विश्लेषण गरी धर्ममा आधारित विज्ञान र विज्ञानमा आधारित धर्मको मार्गचित्र कोर्न सक्ने शैक्षिक जनशक्ति चाहिएको छ ।

संस्कृत भाषा, साहित्य र संस्कृतिको उत्खनन गरी वैदिक गणित, ज्योतिष र साहित्यको आधारमा पाश्चात्य प्रगतिलाई उछिन्न सक्ने प्रतिस्पर्धी तर मानवीय एवम् नैतिक मूल्यसहितको शिक्षा चाहिएको छ । शिक्षामा मुस्कान समेटिनुपर्छ । र यसको मुख्य मार्ग दीक्षा हो । दीक्षाबिनाको शिक्षा अपूरो बन्न पुग्दछ । शिक्षामा राजनीतिशास्त्र र अर्थशास्त्रको शुद्धीकरण मिसिनुपर्दछ ता कि असल

शासन, असल शासक, समृद्ध राष्ट्र र समृद्ध नागरिक समाज बन्न सकोस् । यस दृष्टिबाट शिक्षा पद्धतिलाई विचरण परिनुपर्छ जस्तो मलाई लाग्दछ ।

शिक्षामा दिशाहीनता आउन नदिन हामीले समयमै सोच्नुपर्ने बेला आएको छ । यो देशलाई नचिनी, यसको सम्भाव्यताको पहिचान नगरी यसलाई चाहिने शिक्षाको निर्धारण गर्न नसकिने भएकाले देशलाई चिन्न सक्ने व्यक्तित्वको निर्माण, राष्ट्रिय चरित्रको पहिचान एवम् हामीसँग रहेको साधनस्रोतको सही प्रयोग र परिचालन गर्ने क्षमता विकासका लागि पाठ्यक्रम निर्धारण हुन जरूरी छ । राष्ट्रिय उत्पादनमा सिर्जनशील सहभागिता जनाउन सक्ने युवापंक्ति आज हाम्रो आवश्यकता हो ।

राजनीतिबाट परिचालित शिक्षा नभई शिक्षाबाट परिचालित राजनीति आजको आवश्यकता हो । राजनीतिलाई व्यवसाय नबनाई सेवा बनाउने राजनीतिज्ञको उत्पादन गर्न सक्ने शिक्षा नीति चाहिएको छ । अहिले हामीलाई असल शिक्षालय वा गुरूकुल चाहिएका छन् । यी गुरूकुलमा कर्मकाण्डलाई होइन दिव्यज्ञानमा बदल्न सक्ने बुद्धत्व प्राप्त गर्न अपनाउनुपर्ने कार्य विधिमा पोख्त परिणाममुखी शिक्षाको खाँचो परेको छ । म यस्तो भविष्यको सिर्जना गर्न यो तरिका अपनाउँदै छु भन्ने बोध भएको शिक्षक र विद्यार्थीको आज खाँचो छ । आफूसँग भएको क्षमतालाई उच्चतम रूपमा प्रयोग गर्न सक्ने विधि र व्यवहार अहिले हामीले सोचेको आदर्श हो । केवल पढ्न सक्नु वा लेख्न सक्नु विद्या होइन । विद्या १४ किसिमका छन् मनिन्छ । त्योमन्दा बढी पनि हुन सक्लान/कला ६४ छन् भनिएको छ - घटवढहुन सक्छन् तर समस्त ब्रम्हाण्डको सत्यतालाई विचार गरी आफ्नो गन्तव्यको पहिचान गर्न सक्ने बनाउनु शिक्षाको लक्ष्य हो । तसर्थ अब एक्काइसौं शताब्दीमा हामीले यथार्थपरक ज्ञानका लागि साहित्यका नवरसलाई जीवन आदर्शसँग समायोजन गरी सम्पूर्ण विद्या र विद्यालाई समेटी शास्त्रसम्मत, विधिसम्मत, समयसम्मत, संस्कृतिसम्मत बनाई उच्च कोटिको मुस्कान नैतिकतायुक्त नागरिक समाजको निर्माण गर्ने शिक्षाको खाँचो छ । यस्तो दिशातर्फ शिक्षा पद्धतिलाई लैजान सबै विद्यामा थप गृहकार्यको खाँचो छ । राष्ट्रले व्यक्तिको स्वायत्तता र भइरहेको विविधतालाई ख्याल गरी स्वअध्यन स्वचिन्तनलाई कमजोर नबनाई स्वशासन र सहशासनलाई अगाडि बढाउन परेको छ । अस्तु ।

*(तिमल्सेना नेपाल शिक्षण परिषद्का अध्यक्ष हुन्)*